गोरखापत्र
gorkhapatraonline.com

नमस्ते नेपाल

स्वास्थ्यसँबन्धमा दिइएमा एउटा फड्को : गोरखापत्रहरू प्रकाशित
तमाङ भाषा पृष्ठ

ᱫᱟᱹᱨᱤᱭᱟᱹᱜᱟᱹᱱᱤᱨ ᱢᱮᱱᱟᱜᱟᱹᱨᱤ ᱥᱟᱦᱮᱵ ᱚᱠᱛᱚᱨᱮ

राष्ट्रको गौरव

गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।

gorkhapatraonline.com

कोहलपुर संस्करण | आलोकन | बेलायतको सडक संस्कृति | रेलवेमा लगानी गर्न युएईको चासो ११

वर्ष १२६ | अङ्क ६६ | २०८३ साल असार २७ गते शनिबार | आषाढ कृष्ण द्वादशी | नेपाल संवत् ११४६ तछलागा १२ | 2026 July 11 Saturday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

प्रधानमन्त्री शाहसँग ऊर्जा उत्पादकहरूको छलफल

ऊर्जा आर्थिक रूपान्तरणको आधार

गोरखापत्र समाचारदाता
काठमाडौँ, असार २६ गते

निजी क्षेत्रकेन्द्रित समृद्धि संवादमा अग्रसर रहनुभएका प्रधानमन्त्री वालेन्द्र शाहले शुक्रबार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पानका) पदाधिकारीसँग वस्तुगत छलफल गर्नुभएको छ । प्रधानमन्त्री शाहसँग ऊर्जा क्षेत्रको विद्यमान अवस्था, समस्या र तिनको समाधानकेन्द्रित छलफल भएको इप्पानले जनाएको छ ।

छलफलमा जलविद्युत् आयोजना निर्माणका विद्यमान व्यवधान, प्रसारण लाइन र विद्युत् व्यापारमा निजी क्षेत्रको सम्भावित भूमिका, डेटा सेन्टर तथा मल कारखाना निर्माण, विद्युत् आयोजनाका सार्वजनिक सेयर निष्कासन, लाइसेन्स होल्ड गर्ने प्रवृत्तिका विषयमा वस्तुगत संवाद भएको इप्पानका वरिष्ठ उपाध्यक्ष उत्तम भ्लोन लामाले जानकारी दिनुभयो ।

महासचिव टिएन आचार्यका अनुसार प्रधानमन्त्री शाहले छ मुख्य विषयमा गम्भीर चासो राख्नुभएको थियो । विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गर्ने तर लामो समय आयोजना निर्माण नगर्ने प्रवृत्ति र त्यसको वास्तविकतावारे प्रश्न राख्नुभएको थियो । त्यसै गरी प्रसारण लाइन निर्माण र विद्युत् व्यापारमा निजी क्षेत्रलाई समावेश गराउन के कस्तो तरिका सहज हुन सक्छ भन्ने राय प्रधानमन्त्रीले राख्नुभएको थियो । निजी क्षेत्र यी विषयमा अग्रसर हुँदा राज्यलाई हुने लाभहानिको अवस्थाबारे समेत तथ्याङ्कगत विश्लेषण पेस गर्न प्रधानमन्त्री शाहले आग्रह गर्नुभएको पूर्वअध्यक्ष गणेश कार्कीले जानकारी दिनुभयो । "विगतमा यसखाले उच्चस्तरीय भेटघाटमा माग राख्ने र सबै गर्छौं भन्ने आश्वासन लिएर फर्कने अवस्था हुन्थ्यो," उहाँले भन्नुभयो, "तर यस पटक बुँदा बुँदामा वस्तुगत कुराकानी भयो । यसले हामीलाई ठुलो आशाको सञ्चार गरेको छ ।"

प्रधानमन्त्री शाहले ऊर्जा क्षेत्र नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, औद्योगिकीकरण र हरित विकासको महत्त्वपूर्ण आधार रहेको बताउनुभयो । नेपालमा ऊर्जा उत्पादन र प्रवर्धनका क्षेत्रमा आइपरेका समस्या, अवसर र चुनौतीबारे इप्पानले उठाएका विषयप्रति सरकारले गम्भीरतापूर्वक लिएको उहाँले उल्लेख गर्नुभयो ।

> जलविद्युत् आयोजना निर्माणका विद्यमान व्यवधान, प्रसारण लाइन र विद्युत् व्यापारमा निजी क्षेत्रको सम्भावित भूमिका, डेटा सेन्टर तथा मल कारखाना निर्माण, विद्युत् आयोजनाका सार्वजनिक सेयर निष्कासन, लाइसेन्स होल्ड गर्ने प्रवृत्तिका विषयमा वस्तुगत संवाद भएको छ ।

> नेपालको आर्थिक रूपान्तरण, रोजगारी सिर्जना, औद्योगिकीकरण र हरित विकासको महत्त्वपूर्ण आधार रहेको ऊर्जा उत्पादन र प्रवर्धनका क्षेत्रमा आइपरेका समस्या, अवसर र चुनौतीबारे सरकारले गम्भीरतापूर्वक लिएको छ ।

प्रधानमन्त्री शाहले नेपालमा डेटा सेन्टर र मल कारखाना खोल्न के कस्ता अवरोध छन् भन्नेबारे पनि प्रश्न गर्नुभएको थियो । जलविद्युत् आयोजनाको साधारण सेयर जारी गर्ने तर आयोजना नबनाउने प्रवृत्तिबारे पनि प्रधानमन्त्री शाहले विशेष चासो राख्नुभएको थियो । पिपिए भएर निर्माणाधीन रहेका, नबनेका तथा लाइसेन्स मात्र होल्ड गरेर बसेको एउटा मापदण्डका आधारमा समाधान गर्नुपर्ने आशय प्रधानमन्त्रीको रहेको महासचिव आचार्यले बताउनुभयो ।

छलफलमा इप्पान प्रतिनिधिमण्डलले सरकारले घोषणा गरेको १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादनदेखि हरित अर्थतन्त्र निर्माण, विद्युत् निर्यात तथा खपत वृद्धि जस्ता लक्ष्य प्राप्तिका लागि निजी क्षेत्र पूर्ण प्रतिबद्ध रहने धारणा राखेको थियो । उहाँहरूले पिपिएमा भइरहेको अवरोध, वन तथा जग्गा स्वीकृतिमा हुने गरेको ढिलाइ, प्रसारण पूर्वाधारको अभाव, आइपिओ र हकप्रद सेयर अभौतीकरणका समस्या, बहुनियमकीय झन्झट तथा नीतिगत अनिश्चितताका विषयमा प्रधानमन्त्री शाहको ध्यानाकर्षण गराउनुभएको थियो ।

सरकारको घोषित ऊर्जा लक्ष्य हासिल गर्न तथा निजी क्षेत्रको लगानी सुरक्षित, तीव्र र परिणाममुखी बनाउन यस्ता समस्या समाधान आवश्यक रहेकामा जोड दिइएको थियो । इप्पान प्रतिनिधिमण्डलले रोकिएको पिपिए प्रक्रिया खुला गर्नुपर्ने, स्टोरेज तथा पम्प स्टोरेज परियोजनाका लागि छुट्टै र उचित दर तोक्नुपर्ने धारणा बैठकमा राखेको थियो । आन्तरिक खपत बढाउन औद्योगिक ग्राहकलाई सस्तो दरमा विद्युत् उपलब्ध गराउनुपर्ने पनि प्रतिनिधिहरूको सुझाव थियो । इप्पानले संसद्मा विचाराधीन विद्युत् विधेयकलाई निजी क्षेत्रमैत्री बनाएर एक वर्षभित्र पारित गराउनु अत्यावश्यक रहेको बताएको छ । त्यस्तै वन जग्गा प्राप्ति र रुख कटान प्रक्रिया एक वर्षभित्र सक्ने व्यवस्था मिलाउने तथा 'सनसेट ल' ल्याउनुपर्ने माग राखेको छ । छिमेकी मुलुकसँग विद्युत् व्यापारका लागि स्पष्ट निर्देशिका बनाएर विद्युत् व्यापारको अनुमतिपत्र दिनुपर्ने माग इप्पानले उठाएको थियो ।

जलविद्युत् क्षेत्रका लागि विशेष ऊर्जा कोष स्थापना गर्नुपर्ने, ग्रिन बन्ड र जलवायु वित्त तथा वैदेशिक र मिस्रित लगानीको पहुँच विस्तार गर्न अर्थ मन्त्रालय तथा नेपाल राष्ट्रबैङ्कमार्फत निर्णय गराउन आवश्यक रहेको प्रधानमन्त्रीसमक्ष औंल्याइएको थियो ।

» बाँकी पष्ठ २ मा

गणेश नेपाली आत्मदाह प्रकरण

'अनावश्यक राजनीतिकरण नगरौं'

- घटना छानबिनका लागि डिआइजी गोविन्द थपलियाको संयोजकत्वमा समिति गठन ।
- घटना अनुसन्धानका लागि तीन जना नगर प्रहरीलाई नियन्त्रणमा लिइयो ।
- सरकारका तर्फबाट गर्नुपर्ने सबै दायित्व निर्वाह गर्न सरकार प्रतिबद्ध ।

गृहमन्त्री सुधन गुरुङ

गोरखापत्र समाचारदाता
काठमाडौँ, असार २६ गते

गृहमन्त्री सुधन गुरुङले गणेश नेपालीको आत्मदाह प्रकरणमा मृतकको मोटरसाइकलको ह्विल लकमा ट्राफिक प्रहरी नभई नगर प्रहरीको संलग्नता भएको बताउनुभएको छ ।

स्थानीय सरकारबाट सम्पादित कार्यमा पनि सङ्घीय सरकारलाई आरोपित गरेकोमा उहाँले संविधान कानुन बुझ्न आग्रहसमेत गर्नुभयो । प्रतिनिधि सभामा घटनाबारे जानकारी दिँदै गृहमन्त्री गुरुङले नेपालीको मोटरसाइकलमा ह्विल लक ट्राफिक प्रहरीले नगरेको बताउनुभएको हो । उहाँले तहगत सरकारको व्यवस्था र सञ्चालन विधि बुझ्न पनि सुझाव दिनुभयो ।

प्रतिनिधि सभामा शुक्रबार बोल्दै उहाँले भन्नुभयो, "आज म यो सम्मानित सदनमा सभामुखमार्फत सरकार कसरी सञ्चालन हुन्छ भनेर सिकाउन चाहन्छु । हाम्रो तीन तहको सरकार हुन्छ । सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार । जुन ठाउँमा घटना भयो, त्यो ठाउँमा ट्राफिकले लगाएको होइन, ट्राफिकले ह्विल लक गरेको होइन । कुनै भिडियोमा छ ट्राफिकले लगाएको त्यसमा ? ह्विल लक लगाएको छ ? नगर प्रहरीले लगाएको छ । म विपक्षी दलका सांसदलाई सोध्न चाहन्छु, स्थानीय सरकार कसको छ अहिले ? राष्ट्रिय स्वतन्त्र पार्टीको छ ? यो प्रदेश सरकार कसको छ अहिले ? राष्ट्रिय स्वतन्त्र पार्टीको छ ? दुई तहको सरकार त तपाईंहरूसँगै छ । नियम कानुन हामीले बनाएको हो ? तपाईंहरूले बनाएको, तपाईंहरूले कार्यान्वयन गर्न नसकेर हामीले कार्यान्वयन गरेको हो ।"

सवारीसाधनमा कालो सिसा राख्न नपाउने नियम आफूहरूले नबनाई पालना मात्र गरेको मन्त्री गुरुङको भनाइ छ । नेपालीलाई बचाउन आफूले अथक प्रयास गरे पनि सम्भव नभएको उहाँले उल्लेख गर्नुभयो । नेपाल प्रहरी र ट्राफिक प्रहरी नेपालीको उपचारको सुरक्षार्थ दिन रातभर खटिएको बताउँदै गृहमन्त्री गुरुङले उपचारका लागि भारत लैजानका लागि कूटनीतिक संवाद गर्नुपर्ने भएकाले सरकारका सबै संयन्त्र रातभर क्रियाशील राखिएको पनि जानकारी दिनुभयो ।

चिकित्सकको सल्लाह अनुसार नेपालीलाई तत्काल भारत लैजान सम्भव नभएको पनि उहाँले बताउनुभयो । तर उक्त जिम्मेवारी सङ्घीय सरकारको नभएर स्थानीय तहको भएको उहाँले दोहोऱ्याउनुभयो । स्थानीय सरकारको अधिकार क्षेत्र भए पनि नागरिक बचाउनुपर्ने राज्यको दायित्व अन्तर्गत आफूहरू सक्रिय रहेको उहाँले बताउनुभयो ।

घटना छानबिनका लागि डिआइजी गोविन्द थपलियाको संयोजकत्वमा समिति गठन भएको जानकारी पनि उहाँले दिनुभयो । घटना अनुसन्धानका लागि तीन जना नगर प्रहरीलाई नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो । पीडालाई अनावश्यक राजनीतिकरण नगर्न पनि गृहमन्त्रीले आग्रह गर्नुभयो । नेपाल सरकारका तर्फबाट गर्नुपर्ने सबै दायित्वबाट सरकार पछाडि नहट्ने पनि उहाँले बताउनुभयो । ट्राफिक जरिबानासम्बन्धी हाल चर्चामा रहेका व्यवस्था प्रस्तावित मात्र भएकाले त्यसलाई अतिरञ्जित नबनाउन उहाँले आग्रह गर्नुभयो ।

सांसदहरूले खोजे जवाफ

गणेश नेपाली आत्मदाह प्रकरणमा प्रतिनिधि सभामा अधिकांश सांसदले सरकारको जवाफदेहिता खोजेका छन् । एक नागरिकले आत्मदाह गरेको जिकिर प्रतिपक्ष सांसदहरूले उठाउँदै घटनापछि नेपालीलाई उद्धार गरिएको शैलीमा समेत प्रश्न उठाउनुभयो ।

सभामा नेपाली कांग्रेसका सांसद बासना थापाले राज्यको आतङ्कका कारण नेपालीले आत्मदाह गरेको आरोप लगाउनुभयो । यस्तै नेकपा (एमाले) का सांसद भूमिका लिम्बूले अत्यधिक जरिबानाका कारण नेपालीले आत्मदाह गरेको जिकिर गर्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीले घरबार बेचेर राज्यलाई जरिबाना तिर्ने कानुन नबनाउन आग्रह गर्नुभयो । करको दर उच्च भए पनि नागरिकले पाउने सुविधा भने न्यून भएको उहाँले बताउनुभयो ।

» बाँकी पष्ठ २ मा

लेखा परीक्षणलाई उच्च प्राथमिकता दिन निर्देशन

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना

गोरखापत्र समाचारदाता
काठमाडौँ, असार २६ गते

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण संस्थाका बाँकी रहेको वार्षिक लेखा परीक्षण आगामी पुस मसान्तभित्र सम्पन्न गर्न निर्देशन दिनुभएको छ ।

उहाँले समयमै लेखा परीक्षण सम्पन्न नहुँदा सरकारी निकायको वित्तीय अनुशासन, सेवा प्रवाह र बजेट कार्यान्वयनमा प्रत्यक्ष असर परेको उल्लेख गर्दै सार्वजनिक सञ्चार संस्थाहरूलाई उत्तरदायी र व्यवस्थित बनाउन लेखा परीक्षणलाई उच्च प्राथमिकतामा राख्न सम्बन्धित निकायहरूलाई निर्देशन दिनुभयो । उहाँले गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण संस्था (पिएसबी) को वार्षिक लेखा परीक्षण आगामी आर्थिक वर्षको पहिलो छ महिनाभित्र अनिवार्य रूपमा सम्पन्न गरी नियमित प्रणालीमा फर्काउनसमेत निर्देशन दिनुभयो ।

सार्वजनिक सञ्चारमाध्यमहरूको लेखा परीक्षण अवस्थाबारे शुक्रबार मन्त्रालयमा भएको छलफलमा मन्त्री तिमिल्सिनाले सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८३ ले देखाएका कमजोरीलाई तत्काल सुधार गर्नुपर्नेमा जोड दिँदै सार्वजनिक सञ्चार संस्थाहरूलाई वित्तीय रूपमा अनुशासित, संस्थागत रूपमा उत्तरदायी तथा प्रशासनिक रूपमा सक्षम बनाउने सरकारको लक्ष्य रहेको उल्लेख गर्नुभयो । लेखा परीक्षण, आन्तरिक नियन्त्रण प्रणाली र जनशक्ति व्यवस्थापनलाई सुधार नगरी संस्थागत सुशासन सम्भव हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो ।

गोरखापत्र संस्थान र सार्वजनिक सेवा प्रसारण संस्थाको आर्थिक वर्ष २०७९/८० यताका लेखा परीक्षण गर्न बाँकी छ ।

» बाँकी पष्ठ २ मा

वार्षिक प्रतिवेदनउपर बहस

इश्वरचन्द्र झा
काठमाडौँ, असार २६ गते

सङ्घीय संसद्मा संवैधानिक निकायको वार्षिक प्रतिवेदनमाथि पहिलो पटक छलफल भएको छ । सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभाले राष्ट्रिय समावेशी आयोगको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदनमाथि छलफल गरेर यसप्रकारको संसदीय अभ्यासको सुरुवात गरेको हो । तर जवाफदेहिता र प्रक्रियाको सवालकै बिच यसप्रकारको अभ्यासको सुरुवात भएकाले आगामी दिनमा थप बहस हुनुपर्ने आवश्यकता महसुस भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ ।

राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलले कार्यव्यवस्था समितिको बैठकमा संवैधानिक निकायको वार्षिक प्रतिवेदनमाथि सभामै छलफल गर्ने विषय उठे पनि जवाफदेहिता र विधि तथा

> संविधानले राष्ट्रिय सभा वा त्यस अन्तर्गतका समितिमा संवैधानिक आयोगका वार्षिक प्रतिवेदनबारे छलफल गर्ने प्रक्रियाबारे स्पष्ट व्यवस्था गरेको छैन ।

प्रक्रिया बहसमै हुँदा यसप्रकारको अभ्यासको सुरुवात भएको बताउनुभयो । उहाँले भन्नुभयो, "छलफलका क्रममा प्रक्रियागत रूपमा कसरी अगाडि बढ्ने भन्ने विषय बहसमा ल्याएको छ । सभामा छलफल गर्दा संवैधानिक निकायका पदाधिकारी वा प्रमुख उपस्थित नहुने भए ।"

नेपालको संविधानको धारा २९४ ले संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने उल्लेख छ । जस अनुसार प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले राष्ट्रिय समावेशी आयोगको प्रतिवेदन सभामा पेस गर्नुभयो ।

छलफलमा उठेका प्रश्नको जवाफ दिने क्रममा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गौतमले समेत जवाफदेहिताको विषय उठाउनुभयो । "संसदीय अभ्यासमा निकै नौलो अभ्यास हामीले गऱ्यौं तर सैद्धान्तिक पाटो हेर्दा संवैधानिक आयोगहरू कार्यपालिकाबाट भिन्न हुने भएकाले ठ्याक्कै जवाफदेहिताको विषय आउँछ," उहाँले भन्नुभयो, "संवैधानिक आयोगका सिफारिस र प्रतिवेदनहरू समितिमा सरकारको प्रतिनिधिको उपस्थितिमा पदाधिकारीलाई पनि सोही स्थानमा ल्याएर छलफल गर्दा उपयुक्त हुने र सुधार गर्न सहज हुने छ ।"

» बाँकी पष्ठ २ मा

लयमा नेपाली चलचित्र क्षेत्र

अहिले नेपाली चलचित्रले बिक्नका लागि मात्र कथा बुन्ने परम्परागत धारलाई भत्काएको छ । नेपाली कला, संस्कृति र माटोको सुगन्ध बोकेका सामाजिक कथाहरू अहिले पर्दामा जीवन्त देखिन थालेका छन् ।

सुकृत नेपाल
काठमाडौँ, असार २६ गते

एक समय थियो, नेपाली चलचित्रका केवल दुई प्रकारका कथाले मात्रै हलमा दबदबा जमाउँथे । कि त चर्का राजनीतिक नारा बोकेका चलचित्र, नत्र भने आँसुको मेल बगाउने भावनात्मक कथा । दर्शकलाई लाग्थ्यो, नेपाली चलचित्रको दायरा सायद यति नै हो तर समय चक्रसँगै नेपाली दर्शकको चेत फेरिएको छ । त्यसै अनुरूप निर्देशक निर्माताहरूको सोचमा पनि व्यापक बदलाव आएको छ ।

अहिले नेपाली चलचित्रले बिक्नका लागि मात्र कथा बुन्ने परम्परागत धारलाई भत्काएको छ । नेपाली कला, संस्कृति र माटोको सुगन्ध बोकेका सामाजिक कथाहरू अहिले पर्दामा जीवन्त देखिन थालेका छन् । अहिले हलमा देखिएको दर्शकको चापले एउटा कुरा स्पष्ट पारेको छ, दर्शकलाई अब आफ्नै कथा, आफ्नै परिवेश र आफ्नै अनुहार पर्दामा हेर्न मन छ ।

नेपाली चलचित्रले आफ्नो मौलिक पहिचान जोगाउनुपर्ने अभिनेत्री वसुन्धरा भुसालको बुझाइ छ । नेपाली समाज, संस्कृति र जीवनशैली झल्किने कथा प्रस्तुत गर्दा मात्र चलचित्रले दीर्घकालीन प्रभाव छाड्न सक्ने उहाँले बताउनुभयो । उहाँले थप्नुभयो, "चलचित्र केवल मनोरञ्जन होइन, देशको भाषा, संस्कृति र पहिचान विश्वसामु चिनाउने माध्यम पनि भएकाले सरकारले यस क्षेत्रलाई नीतिगत र आर्थिक रूपमा प्रोत्साहन गर्नु पर्छ ।"

राम्रो कथा, मेहनत र मनोरञ्जन दिन सक्ने चलचित्र बनाए मात्र दर्शक हलसम्म फर्किने कलाकार दीपकराज गिरीले बताउनुभयो । उहाँका अनुसार चलचित्र सफल वा असफल हुने अन्तिम निर्णय दर्शकले नै गर्छन् । नेपाली चलचित्रले मौलिक कथा, दर्शकको रुचि, व्यावसायिक सोच र गुणस्तरीय निर्माणबिच सन्तुलन कायम गर्न सके मात्र उद्योग दिगो रूपमा अगाडि बढ्न सक्छ । नेपाली चलचित्रको वास्तविक व्यावसायिक विकास पछिल्ला तीन दशकमा तीव्र भएको भन्दै इतिहासको मूल्याङ्कन पनि त्यस अनुसार हुनुपर्ने उहाँको तर्क छ ।

कलात्मक र व्यावसायिक दुवै कोणबाट अहिले नेपाली चलचित्रले निकै परिपक्व यात्रा तय गरिरहेका छन् । चलचित्रकर्मीहरू अहिले बदलिँदो समाजको परिवेशलाई मौलिक रूपमा उतार्न निकै मेहनत गरिरहेका छन् । पहिले कलात्मक भनिने चलचित्रहरू बोझिला हुन्छन् भन्ने भाष्य थियो तर अहिले ती चलचित्रले दर्शकलाई बाँधेर राख्ने कला सिकेका छन् । दर्शकको विश्वास जित्नु फलामको चिउरा चपाउनु जस्तै हो किनकि एक पटक निराश भएको दर्शकलाई पुनः हलसम्म फर्काउन निकै कठिन हुन्छ । पछिल्ला केही प्रयोगले के पुष्टि गरेका छन् भने दर्शक मनोरञ्जनभन्दा पनि कथ्यको गहिराइ खोजिरहेका छन् ।

निर्देशक ज्ञानेन्द्र देउजाका अनुसार अहिले वर्षमा सयको हाराहारीमा चलचित्र बन्छन्, धेरैले रोजगारी पाउनुभएको छ । चलचित्र क्षेत्रमा लाग्नुभएका प्राविधिक, कलाकारहरू बाँच्ने आधार प्रशस्त छन् । "हामी चलचित्र क्षेत्रमा लाग्दा यसलाई पेसा नै बनाउन सकिन्छ भन्ने अवस्था थिएन । सोखको रूपमा अथवा दुई/चार पैसा कमाउने भन्ने हिसाबले मात्र यो क्षेत्रमा लागिन्थ्यो । अहिले यो क्षेत्र व्यावसायिकतातर्फ अग्रसर भएको छ, जुन चलचित्रकर्मीहरूका लागि एकदमै राम्रो ठहर भएको छ," उहाँले भन्नुभयो ।

» बाँकी पष्ठ २ मा

सम्पत्ति छानबिनमा सर्वोच्चको रोक

गोरखापत्र समाचारदाता
काठमाडौँ, असार २६ गते

सर्वोच्च अदालतले सम्पत्ति जाँचबुझ आयोगको कामकारबाहीलाई तत्काल यथास्थितिमा राख्न अन्तरिम आदेश जारी गरेको छ । न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले रिट पूर्ण इजलासमा पेस गर्दै कसैलाई पनि सम्पत्ति विवरण बुझाउन बाध्य नपार्न तथा छानबिन प्रक्रिया यथास्थितिमा राख्न आदेश गरेको हो ।

» बाँकी पष्ठ २ मा